Vangmaya
DOI: https://doi.org/ 10.3126/vangmaya.v20i01.68202
Vol. 20, No. 1: 63-72, July 2024
Central Department of Nepali, Kirtipur

# 'भोग' कथामा वर्गीय चेतना

**बाबुराम ओझा**

## लेखसार

*प्रस्तुत लेखमा विवश वस्तीद्वारा लिखित 'भोग' कथाभित्र रहेको वर्गीय चेतनाको विश्लेषण गरिएको छ । सामाजिक निर्मितिको एउटा अङ्गका रूपमा रहेको वर्ग र यसको विश्लेषण मार्क्सवादी साहित्य चिन्तनको स्थापित मान्यता हो । यस मान्यताका आधारमा साहित्यको अध्ययन गर्दा साहित्यमा चित्रित समाजमा रहेका वर्ग र तिनका गतिविधि तथा वर्गीय सम्बन्धको विश्लेषण गरिन्छ । यो आलेख तयार पार्नका लागि सामग्रीसङ्कलन गर्न मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ र सामग्री विश्लेषणमा निगमन विधिको प्रयोग गरिएको छ । कथामा रहेका पात्रको वर्गचेतनाका आधारमा विश्लेषण गरिएको हुनाले यहाँ प्रस्तुतीकरणमा पाठविश्लेषण विधि अवलम्बन गरिएको छ । यहाँ वर्गसम्बन्धी मार्क्सवादी सैद्धान्तिक मानकका आधारमा 'भोग' कथामा रहेको वर्गीय चेतनाको विश्लेषण गरिएको छ । 'भोग' कथामा रहेका उच्च र निम्न दुवै वर्ग आआफ्नो वर्गीय पक्षको बचाउ र अधिकारको संरक्षणमा लागिपरेका छन् । यहाँ उच्चवर्गले आफ्नो सामन्ती वैभव र आर्थिक शक्तिका कारण निम्नवर्गमाथि चरम शोषण गरेको छ र निम्नवर्गले आफूमाथि भएको शोषणका विरुद्ध सशक्त सङ्घर्ष गरेको छ । प्रस्तुत कथा सर्वहारा वर्गको वर्गीय चेतना सशक्त र सुदृढ रहेको निष्कर्ष यहाँ निकालिएको छ ।*

**शब्दकुञ्जी :** पुँजीवाद, वर्गशोषण, वर्गसङ्घर्ष, वर्गीय चेतना, सामन्तवाद ।

## १. विषयपरिचय

'भोग' कथा विवश वस्तीद्वारा लिखित सामाजिक विषयमा आधारित कथा हो । 'यसपटक फुलेनछ गुराँस' (२०५४) कथासङ्ग्रहभित्र रहेको यो कथा 'समसायिक प्रगतिवादी नेपाली कथा' (२०७४) मा सङ्गृहीत छ । यस कथामा नेपाली समाजको संरचनामा पुरातन अवस्थादेखि नै धनीमानीहरूले गरिबमाथि गरेको श्रमशोषण र थिचोमिचोका कारण सचेत निम्नवर्गमा आएको विरोधी चेतना, त्यसको प्रतिकार र क्रान्तिसम्बन्धी कथ्य रहेको छ । यहाँ कथाकारले नेपाली समाजको वर्गीय सोच र सामाजिक संरचनाको स्पष्ट चित्र उतारेका छन् र समाजमा रहेको वर्गविभेदको विरोधमा सङ्गठित भएको निम्नवर्गीय स्वरलाई मुखरित बनाएका छन् ।

वर्गीय चेतना वर्गीय समाजमा रहेको वर्गीय शोषणको बोध र यसका विरुद्धको सुझबुझपूर्ण ज्ञान हो । अङ्ग्रेजीको 'क्लास' शब्दको नेपाली रूपान्तर 'वर्ग' शब्दले आर्थिक तथा सामाजिक आधारमा बनेको खास समूहलाई बुझाउँछ । मार्क्सवादी मान्यताले भने समाजमा वर्गनिर्माणको प्रमुख आधार आर्थिक पक्ष र उत्पादनका साधनबिचको सम्बन्धलाई ठान्छ । साहित्यमा वर्गीय चेतनालाई मार्क्सवादी साहित्य चिन्तनको प्रमुख प्रकार्य मानिन्छ । मार्क्सवादले समाजलाई वर्गीय दृष्टिले हेर्ने र समाज विकासका चरणहरूमा आर्थिक आधारको सशक्त अधिरचनाका रूपमा साहित्यलाई लिने हुनाले यसले साहित्यमा पनि समाजको वर्गीय अवस्था र भूमिकाको अध्ययनमा जोड दिन्छ । वर्गीय चेतनाले

वर्गबोध, वर्गशोषण तथा वर्गसङ्घर्षजस्ता पक्षहरूलाई पनि जनाउँछ । त्यसैले मार्क्सवादी सैद्धान्तिक आधारमा साहित्यको वस्तुगत विश्लेषण गर्ने सही र वैज्ञानिक आधार वर्गविश्लेषणलाई मानिन्छ । विवश वस्तीकृत 'भोग' कथा वर्गीय चेतनाका दृष्टिले अध्ययनीय रहेको छ । यस कथामा रहेका उच्चवर्गले निम्नवर्गमाथि गरेको दमन तथा शोषण र त्यसको बोधपश्चात निम्नवर्गले गरेको वर्गसङ्घर्ष प्राज्ञिक दृष्टिले खोजीको विषय भएकाले यहाँ यिनै आधारमा कथाको विश्लेषण गरिएको छ ।

## २. अध्ययनविधि

प्रस्तुत आलेखमा विवश वस्तीद्वारा लिखित 'भोग' कथाभित्र वर्गीय चेतनाको अवस्था कस्तो छ भन्ने समस्यामा आधारित रही विषयको विश्लेषण गरिएको छ । यसरी वर्गचेतनाको विश्लेषणका माध्यमबाट समाजमा रहेको वर्गशोषण र त्यसका विरुद्धको चेतनाको तह पहिल्याउनु यस लेखको उद्देश्य रहेको छ । यो आलेख तयार पार्नका लागि सामग्री सङ्कलन गर्न मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। यहाँ 'भोग' कथालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ र मार्क्सवादी दृष्टिले कथाको वर्गीय विश्लेषणका लागि सैद्धान्तिक तथा प्रायोगिक अध्ययन भएका पुस्तक र समालोचनात्मक लेखहरूलाई द्वित्तीयक सामग्रीका रूपमा लिइएको छ । सामाजिक निर्मितिको एउटा अङ्गका रूपमा रहेको वर्ग र विभिन्न आधारमा यसको विश्लेषण मार्क्सवादी साहित्यचिन्तनको स्थापित मान्यता हो । यस लेखमा साहित्यको वर्गीय अध्ययनको यही स्थापित मान्यताका आधारमा 'भोग' कथामा रहेको वर्गचेतनाको विश्लेषण गरिएको छ । अतः यहाँ सामग्री विश्लेषणमा निगमन विधिको प्रयोग गरिएको छ। कथामा रहेका पात्रको वर्गचेतनाका आधारमा नेपाली समाजको विश्लेषण गरिएको हुनाले यहाँ पाठविश्लेषण विधि अवलम्बन गरिएको छ। यस लेखमा 'भोग' कथाका रहेको वर्गीय चेतनाको मात्र विश्लेषण गरिएको छ । पछिल्लो समय समाजको वर्गीय अवस्था र सीमान्तीयताको अवधारणालाई सांस्कृतिक अध्ययनले पनि आत्मसात गरेको छ। यहाँ मार्क्सवादी सैद्धान्तिक मानकका आधारमा 'भोग' कथामा रहेको वर्गीय चेतनाको विश्लेषण गरिएको छ । यहाँ उच्चवर्गीय चेतनासँग जोडेर वर्गशोषणको विश्लेषण गरिएको छ भने निम्नवर्गीय चेतनासँग जोडेर वर्गसङ्घर्षको विश्लेषण गरिएको छ ।

## ३. वर्गीय चेतनासम्बन्धी सैद्धान्तिक आधार

समाजमा श्रमविभाजनको क्रमसँगै वर्गको उत्पत्ति भएको मानिन्छ । निजी सम्पत्ति र स्वामित्वको प्रचलन सुरु भएपछि वर्गको अस्तित्व सुरु भएको हो । वर्ग भनेको आर्थिक भिन्नतालाई सूचन गर्ने शब्द मानिन्छ । समाजमा आर्थिक उत्पादनका साधनमाथिको स्वामित्व र यसका आधारमा समाजमा हैकम जमाउने प्रवृत्तिका कारण वर्गीय चरित्रनिर्माण भएको र समाजमा यसले निरन्तरता पाएको हो (भट्टराई, २०७७, पृ. ६६) । समाजमा वर्गसम्बन्धी सचेत अवधारणा भनेको मार्क्सवादी चिन्तनको उपज हो । सर्वहारा वर्गको क्रान्तिको सिद्धान्त मानिएको मार्क्सवादका दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवाद गरी तीन सङ्घटक अङ्गहरू रहेका छन् । यी सङ्घटकहरूमध्ये समाजवादअन्तर्गत वर्ग, वर्गसङ्घर्ष, पार्टी, राज्यसत्ता, सर्वहारा अधिनायकत्वजस्ता पक्षको अध्ययन गरिन्छ (केसी, २०७५) । मार्क्सवादले समाजलाई पुँजीपति र श्रमजीवी वर्ग गरी दुई वर्गमा विभाजित गरेर वर्गचिन्तनको सिद्धान्तीकरणको थालनी गरेको हो । त्यसपछि बेलायत र युरोपमा चलेको औद्योगिक क्रान्ति र राजनैतिक क्रान्तिले यसलाई अझ सशक्त पार्ने कार्य गरेको हो (दुरा, २०७८, पृ. ) यसरी समाज विकासको दास युगमा जन्म भएको वर्गले आजसम्म निरन्तरता पाएको देखिन्छ ।

मार्क्सवादले समाजलाई वर्गीय रूपमा ग्रहण गर्छ र साहित्यलाई वर्गसङ्घर्षको परिणाम मान्छ । मार्क्सवादका अनुसार समाजविकासको ऐतिहासिक भौतिकवादी चरणमा दास युगदेखि आजसम्म समाज शोषक र शोषित वर्गमा विभाजित रहेको पाइन्छ । यी दुवै वर्गको वर्गबोध

र यससम्बन्धी चिन्तन वस्तुगत तथा द्वन्द्वात्मक रहेको छ । मार्क्सवादले द्वन्द्ववादमा विश्वास गर्छ । द्वन्द्ववाद विकासको मूल स्रोत हो र यो द्वन्द्वको तर्कविज्ञान पनि हो । प्रत्येक वस्तु, परिघटना र समाजमा घातप्रतिघात गर्ने शक्ति र विभिन्न परिघटनाको द्वन्द्वबाट समाजमा नयाँ सम्भावनाको विकास हुन्छ भन्ने मान्यता द्वन्द्ववादको रहेको छ । मार्क्सवादी द्वन्द्ववादले यस कारण नै अन्तर्विरोधलाई परिवर्तनको कारक र गतिशीलताको संवाहक मानेको छ (दास, सन् २००८, पृ. १२) । साहित्यमा चित्रित वर्ग, यसका विभिन्न चरित्र तथा तिनका बिचको सम्बन्ध र सङ्घर्षको आधार पनि यही हो ।

मार्क्स र एङ्गेल्सको साहित्यसम्बन्धी प्रस्थापनामा वर्गीय आधारलाई महत्त्वका साथ हेरिएको पाइन्छ । वर्गयुक्त समाजमा साहित्य र कलाको प्रवृत्ति र चरित्र पनि वर्गीय हुने कुरामा यसले जोड दिन्छ । सामाजिक जीवनमा आधिपत्य जमाएको वर्गकै अधीनमा साहित्य पनि रहेको हुने भएकाले समाजमा सत्ताधारी वर्गले बौद्धिक उत्पादनमाथि नियन्त्रण गर्छ । यसका विपरीत बहुसङ्ख्यक जनताको साहित्य अग्रगामी शक्तिको हितका निम्ति अग्रसर भएको हुन्छ । मार्क्सले यही साहित्यलाई खास साहित्य मानेका छन् (भण्डारी, २०६८, पृ. २७९) माओले पनि साहित्यलाई वर्गीय दृष्टिले हेरेकाले यसलाई राजनीतिमाथि प्रभाव पार्नसक्ने सशक्त अस्त्र मानेको देखिन्छ । उनले साहित्यलाई राजनीतिको मातहतमा राख्दै राजनीतिसँग अन्तर्सम्बन्धित मानेका छन् (माओ, २०४१, पृ. ८०-८१) । अतः मार्क्सवादी मान्यताका आधारमा साहित्यको विश्लेषण गर्दा वर्गविश्लेषणलाई अध्ययनको प्रमुख प्रकार्य मानिन्छ ।

मार्क्सवादले समाजमा आर्थिक आधारमा मुख्यतः दुई वर्ग रहने कुरा अघि सारेको छ । समाजमा पूँजीको स्वामित्वयुक्त उच्चवर्ग र श्रममा निर्भर श्रमिक वा निम्नवर्ग गरी दुई वर्ग हुन्छन् । राजनैतिक दृष्टिले शक्तिमा रहने शासक वर्ग र अरुबाट शासित हुने वर्ग पनि मूलतः आर्थिक आधारमै अडेका हुन्छन् । समाजमा रहेका मालिक वा धनीमानी, शोषक, सामन्तवर्गका अन्याय, अत्याचार र उत्पीडनको विरोधमा रहेको सचेत वर्गलाई मार्क्सवादी साहित्यले समाज परिवर्तनको कारकका रूपमा लिएको हुन्छ । समाजमा शासित वर्गभित्र पनि शोषण तथा उत्पीडनको विरुद्धमा सामूहिक रूपमा आवाज उठाउने सचेत सर्वहारा जनवर्ग निम्नवर्गको उपवर्गका रूपमा हुन्छन् (बराल, २०७३, पृ. १८३) । समाजमा रहेका वर्गहरूको पहिचान र आर्थिक उत्पादन पद्धतिमा हक, कार्यविभाजन र पारिश्रमिक तथा समग्रमा पुँजी कसको पहुँचमा रहेको छ भन्ने विषयको अध्ययनलाई नै वर्गविश्लेषण भनिन्छ (भट्टराई, २०७७, पृ. ७६) । मार्क्सवादी साहित्यले समाजमा शोषित र उत्पीडित वर्गको अधिकारका पक्षमा आवाज उठाउने र शोषक, सामन्त र दलालका विरोधमा सङ्घर्ष जारी राख्ने सचेत वर्गको वर्गसङ्घर्षलाई साहित्यको अन्तर्वस्तु बनाएको हुन्छ ।

वर्गचेतनाले समाजमा रहेका उच्च र निम्नवर्गमा आफ्नो वर्गीय हित र बचाउका लागि आएको व्यवस्थित बुझाइ वा ज्ञानलाई जनाउँछ । समाजविकासका चरणमा निजी सम्पत्तिको अवधारणासँगै वर्गविभाजनको आरेख सुरु भएको हुनाले वर्गचेतनालाई त्यसैको बोधको परिणाम मानिन्छ । अतः वर्गचेतनालाई वर्गविभाजनको यथार्थबोधका रूपमा लिइन्छ । यस्तो चेतना उच्चवर्गमा उत्पादन र सुविधाभोगमा केन्द्रित र मिथ्या प्रकारको रहेको हुन्छ भने निम्न र सर्वहारा वर्गमा शोषण र विभेदको अन्त्यका लागि उच्चवर्गका विरुद्धको एकताका रूपमा रहेको हुन्छ (भट्टराई, २०७७, पृ. ९४) । वर्गचेतनालाई मार्क्सवादले विशेषतः सर्वहारावर्गमा आएको परिवर्तनकारी सुझबुझका रूपमा महत्त्व दिएको भए पनि यसमा उच्चवर्गमा रहेको उत्पादनमा अधिकार जमाउने शासकीय सोचको समेत चर्चा भएको छ । यस लेखमा विवेच्य कथामा रहेको वर्गीय चेतनाको विश्लेषणका क्रममा उच्चवर्गीय र निम्नवर्गीय दुवै प्रकारका चेतनालाई प्रयोग गरिएको छ ।

## ४. नतिजा र विमर्श

'भोग' कथामा वर्गीय दृष्टिले निर्मित समाज रहेको छ। उच्च र निम्नवर्गमा विभाजित रहेको समाजमा सेतेले निम्नवर्गको र पीताम्बर बाजेले उच्चवर्गको प्रतिनिधित्व गर्छन् । यी दुवैले आआफ्नो वर्गीय पक्षको बचाउ गरेको र आफ्नो अधिकारको संरक्षणका गर्न लागि उच्च वर्ग र निम्न वर्गले क्रमशः अर्को वर्गमाथि शोषण र विद्रोह पनि गरेका छन् । यहाँ 'भोग' कथाको कथानकसन्दर्भ उल्लेख गरेर कथामा रहेको उच्चवर्गीय चेतना र वर्गशोषण तथा निम्नवर्गीय चेतना र वर्गसङ्घर्ष गरी दुईवटा सूचकका आधारमा पाठविश्लेषण गरिएको छ ।

### ४.१ कथासन्दर्भ

'भोग' कथाको कथ्य गाउँका जमिनदार पीताम्बरले गरिब कृषि श्रमिकलाई गरेको शोषण, यसका कारण सेते जस्ता श्रमिकको खस्केको जीवनस्तर, पीताम्बरको शोषणको चरम नाघेपछि सेतेले गरेको वर्गीय सङ्गठन र सामन्तका विरोधमा गरेको क्रान्तिसँग सम्बन्धित रहेको छ । बिहानीको प्रथम प्रहरमा घामको कलिलो तापसँगै नौलो बतास चलिरहेको समयमा पूजाकोठामा ध्यानमग्न रहेको पीताम्बरलाई कसैले बोलाएको आशङ्का लाग्छ । श्रीमतीले कसैले पनि नबोलाएको भनेर आश्वस्त पार्न खोज्दा पनि उसको मनले मानिरहेको हुँदैन । श्रीमतीले बोलाउने आशङ्कित मान्छे सेते सार्की अहिले गाउँमा नभएको र गाउँसमाजको स्थिति पनि सुध्रिएको हुनाले नडराउन अनुरोध गर्छे । पीताम्बरले सेतेले यसअघि पठाएको चिठी सम्झेर पनि त्यसले पक्कै मलाई छोड्दैन भनेर अझै त्रसित हुन्छ ।

गाउँको माझमा घुमाउने घर, नोकरचाकर र थामिनसक्नु खेतबारीको मालिक पीताम्बरले गाउँका सेतेजस्ता मानिसलाई काममा लगाएर खेती उतारेको छ। गाउँको पुछारमा नाममात्रको झुपडीमा बस्ने र रातदिन पीताम्बरकै खेतबारीमा काम गर्ने सेतेले दसौँ वर्षदेखि जम्मा तीस रुपैँया ज्यालामा काम गरिरहेको छ । सेतेले पीताम्बरलाई ज्याला बढाइदिन भन्दा पीताम्बरले कुनै पनि हालतमा ज्याला नबढाउने र भएको ज्याला पनि बढी भएको भन्दै सेतेलाई कसको भाषा बोलेको होस् ? भनेर धम्क्याउँछ । पीताम्बरको ज्यादतीले सीमा नाघेपछि ज्याला नबढाए यसको महङ्गो मूल्य चुकाउनुपर्ने र आफूजस्तै दबिएर बसेका हजारौँ मानिसको भाषा बोलेको भन्दै सेते त्यहाँबाट हिड्छ र गाउँ छोडेर जान्छ । सेतेले गाउँ छोडेपछि उसका बारेमा रातो फेटा लगाएको, बाँधमा बन्दुक भिरेको, भीमानको घटनामा मारिएको तथा दसबाह्र जना साथीसँग पूर्वतिर जाँदै गरेकोजस्ता विभिन्न हल्लाहरू गाउँमा चल्छन् । पीताम्बरलाई सेते जीवितै छ भन्ने खबरहरूले छटपटीमा पार्छ ।

एक दिन साँझको बेलामा पीताम्बर घरैमा भएका बखतमा सेते आफ्नो समूहसहित आइपुग्छ । पीताम्बर र उनकी श्रीमतीले हालखबर सोध्न खोज्छन् तर सेते पीताम्बरले गरेको दलन र शोषणको मूल्य चुकाउन आएको उद्घोष गर्छ। सेते हुङ्कारका साथमा पीताम्बरको घरमा छिरेर उसको धुरीमा चढ्छ र रातो झन्डा गाड्छ। पीताम्बर बेहोस भएर भुइँमा ढल्छ भने सेते आफ्नो समूहसहित त्यहाँबाट हिड्छ। होस खुलेपछि डर, त्रास र क्षोभले काप्दै पीताम्बरले सहरमा बस्ने छोराहरूलाई खबर गरेर भोलि नै मधेस झर्ने निर्णय सुनाउँदा बाहिर एक तमासले बतास चलिरहेको हुन्छ र कथा समाप्त हुन्छ।

### ४.२ उच्चवर्गीय चेतना र वर्गशोषण

'भोग' कथामा वर्गीय दृष्टिले निर्मित समाज रहेको छ। उच्च र निम्नवर्गमा विभाजित रहेको समाजमा उच्चवर्गको पीताम्बर आफ्नो स्वार्थका लागि गरिब मजदुरलाई नाममात्रको ज्याला दिएर श्रमको शोषण गरिरहेको छ । उसका भने गाउँमा घुमाउने घर र नोकरचाकर रहेका छन्। छोराहरू सहरमा बस्छन् तर गाउँमा उसको खेतबारी गाउँका गरिब र विपन्न मानिसहरूलाई नाममात्रको ज्याला दिएर कमाइरहेको छ। यसरी गरिब र निम्नवर्गको श्रमको शोषण गरेर उनीहरूका पसिनामा ऐसआराम गरेर

बसेको पीताम्बर गाउँमा आफू जमिनदार भएर सबैलाई दल्न पाएको हुनाले यो गाउँ छोडेर नजाने भनेर गाउँ वा जन्मस्थानको नक्कली प्रेम देखाउँछ तर वास्तवमा सोही स्थानमा वर्षौंदेखि मानिसलाई दलेर खान पल्केको र आफ्नो सामन्तवादी जमिनदारी सत्ता टिकाइराखेका हुनाले यसैमा रमाएर पीताम्बर त्यहाँ रमेर बसेको छ । पीताम्बरको खानदानी मानशान र सेतेको निरीह वर्गीय अवस्था तलका उदाहरणबाट स्पष्ट हुन्छ :

> गाउँको माझमा छ पीताम्बर बाजेको घर । घुमाउने घर । चारैतिर बुर्जा निकालिएको उनको घर गाउँको अद्वित्तीय शोभा बनेको छ । धेरै वर्ष पहिले मधेसतिरबाट कालिगढ झिकाएर बनाएका हुन, उनले त्यो घर । कम पैसा बगेको छैन, त्यो घर उभ्याउँदा ।
>
> गाउँको पुछारमा छ सेते सार्कीको घर । एक्लो घर । घर के भन्नु ! सानो झुप्रो । आमा, श्रीमती र तीनचारवटा भन्ट्याङभुन्टुङ छन् उसका । सम्पत्तिको नाममा त्यही एउटा झुप्रो र एक हलको मेलो पनि नलाग्ने पाखो बारी छ । (पृ. २६०)

माथिका उदाहरणमा समाजमा रवाफले जिउने सामन्त पीताम्बरको आर्थिक हैसियत र उनको शानमान स्पष्ट हुन्छ । यहाँ पीताम्बरको घरको आकारप्रकार र त्यसमा लागेको लगानी उल्लेख भएको छ । गाउँमा मधेसबाट कालिगढ झिकाएर विशाल घर बनाएको पीताम्बरको मान र इज्जत नै बेग्लै छ । गाउँमा अरु साधारण मानिसको घरका तुलनामा पीताम्बरको घर भव्य र आकर्षक रहेको छ । नोकरचाकरसहित बस्ने पीताम्बरको ठाँटबाँट र रवाफ पनि उस्तै रहेको छ । अर्कातिर गाउँको पुछारमा सेतेको घरका नाममा झुपडी मात्र रहेको छ । उसको खान पुग्नेगरिको बारी छैन र खेतको त झन नामनिसाना नै छैन । यहाँ समाजमा रहेको वर्गीय अवस्थिति स्पष्ट रूपमा देखिएको छ । पीताम्बरको भव्य घर र जमिनदारीको इज्जत प्रतिष्ठाका सामुमा सेतेको निम्न आर्थिक अवस्थाले समाजमा रहेको वर्गीय हैसियत र उत्पादनका साधनसँगको पहुँच यहाँ देखिन्छ ।

कथामा पीताम्बर आफ्नो उच्चवर्गीय हितको संरक्षण गर्नका लागि सचेत रहेको छ । उसले आफ्नो सामन्ती सत्ता वा परम्परा टिकाउने र यसको हरतरहले संरक्षण गर्ने कार्य गरेको छ । यसरी हेर्दा उसमा आफू सम्पन्न र जमिनदार भएको हुनाले आफ्नो नाफा वा फाइदाका लागि सेते सार्कीजस्ता मानिसलाई शोषण गर्न पछि पर्दैन । दास प्रथाको अन्त्यपछि सामन्तवादी युग सुरु हुँदा दासहरू मुक्त भएसँगै दासहरूले समाजमा रहेर जीवननिर्वाह गर्न एक टुक्रा जमिन प्राप्त गरे र यसको सट्टामा सामन्तहरूले गरेको शोषण स्वीकार गर्ने परम्परा सुरु भयो (दास, सन् २००८, पृ. ७३) विवेच्य कथामा सेतेका पुर्खाहरूदेखि नै समाजमा हालीमुहाली गर्ने धनीमानी मानिसको सेवामा तल्लीन रहने परम्परा सुरु भएको हो । उनीहरूले केही जग्गा कमाउन पाएका हुन् र यसैको बदलामा पीताम्बरका पुर्खाको खेती थामेर जीविका गरिरहेका र सेतेमा आइपुग्दा पनि यही क्रम निरन्तर रहेको देखिन्छ ।

समाजमा उच्चवर्ग जहिले पनि आफ्नो शक्तिको संरक्षणमा लागि परेको हुन्छ । राज्यसत्ताले पनि प्रकारान्तरमा उच्चवर्गको नै प्रतिनिधित्व गर्ने हुनाले राज्यसत्ता र उच्चवर्ग दुवै वर्गदमन र शोषणमा सरिक हुन्छन् । वर्गदमनमा उच्च र शक्तिशालीवर्गले सधैँ निम्न र शक्तिहीन वर्गलाई दमन र उत्पीडनमा राख्ने अनि राज्यसत्ताले त्यसको पृष्ठपोषण गर्ने हुँदा पुलिस, सेना, नोकरसाही तन्त्र सबैले तल्लो वर्गमाथि उत्पीडन र दमन गर्छ (भट्टराई, २०७७, पृ. ९७)। यस कथामा राज्यसत्ताले प्रत्यक्ष रूपमा भने पीताम्बरको उच्चवर्गीय शोषणको सहयोग गरेको देखिन्न तर यहाँ विगतदेखि नै शक्ति र सत्ताकै आडभरोसामा पीताम्बरले गरिब र कमजोर हरूको श्रमशोषण गरेको देखिन्छ । आर्थिक दृष्टिले बनेको उच्चवर्गले आफ्नो नियन्त्रणमा रहेका निम्नवर्गलाई काम लगाउनुपर्छ । उनीहरूको श्रमशक्ति प्रयोग गरेर आफ्नो सम्पन्नता र वैभवको संरक्षण गर्नुपर्छ भन्ने चेतना रहेको

छ। यसरी कथामा उच्चवर्गले पुस्तौँदेखि शोषण गरिरहेको देखिन्छ ।

'भोग' कथामा नेपालको सामन्ती सामाजिक वर्गले विपन्नवर्गलाई हेर्ने दृष्टिकोण अभिव्यक्त भएको छ । गाउँमा पुरानो समयदेखि गाउँले विपन्न जनता र तल्लो जाति मानिएका मानिसलाई हेप्ने र उनीहरूलाई नाम मात्रको ज्यालामा काम लगाउने चलन रहेको छ। कथामा रहेका उच्चवर्ग आफ्नो वर्गीय वर्चस्व कायम गर्नका लागि अत्यन्तै सचेत देखिन्छन् । पीताम्बर जस्ता उच्चवर्गीय सामन्तहरू गाउँमा सोझा जनतालाई शोषण गरेर आफ्नो स्वार्थसिद्ध गर्ने प्रवृत्तिका छन् । यसका साथै कुनै तरिकाले विपन्न गरिबवर्गले आफ्नो विरोध गरेमा तिनीहरूलाई टेरपुच्छर नलाउने बरु उठिबास लगाउने प्रवृत्तिका पनि छन् ।

पीताम्बरजस्तो उच्चवर्गको स्वार्थी र महत्त्वाकाङ्क्षी पात्रले आफ्नो वैभव र वर्चस्वलाई कायम राख्न सेते सार्कीजस्ता निम्नवर्गका मजदुरलाई कज्याएर राखेको छ। यस्तो कज्याइ खालि प्रत्यक्ष शोषण र दमनमा मात्र सीमित छैन, निमुखा र गरिबले खान नपाएको अवस्थामा केही ज्याला बढाइदिनुभन्दा पनि नटेरेर उल्टै सेतेलाई हप्काउने प्रवृत्तिको रहेको छ। कथाको पीताम्बर कुनै व्यक्ति मात्र होइन, तत्कालीन समयका सामन्तहरूको आम प्रवृत्ति पनि हो । यस कुरालाई तलको उदाहरणबाट स्पष्ट पारिन्छ :

> 'बाजे अब हाम्रो ज्याला बढाउनुपर्‍यो ।' एक दिन सेतेले पीताम्बर बाजेलाई अनुनयको भाकामा कुरा राख्यो - 'दस वर्षदेखि त्यही तिस रुप्पेमा काम गर्दै आएका छौँ । अब त सोच विचार गर्नुपर्‍यो बाजे ।'
>
> 'हुँ... ज्याला ? केको ज्याला ?' पीताम्बर बाजेले दाह्रा किटे, अस्वाभाविक रूपले । (पृ. २६०)

माथिको उदाहरणमा सेतेले समयअनुसार ज्याला बढाइदिन पीताम्बरलाई अनुरोध गरेको तर पीताम्बरले टेरपुच्छर नलगाएको कुरा देखिन्छ । दसौँ वर्षदेखि नाममात्रको ज्यालामा श्रम गरिरहेका श्रमिकको श्रमको शोषण गरेर पीताम्बरले आफ्नो जमिनदारी धानिरहेको कुरा यहाँ स्पष्ट देखिन्छ । समाजविकासको ऐतिहासिक चरणको अध्ययन गर्दा सामन्तवादी युगमा जमिनका मालिकहरूले उत्पादनमा साधनमा आफ्नो नियन्त्रण राखेर दास र किसानहरूको शोषण गरेको र पुँजीवादी युगमा पुँजीपति नै उत्पादनका साधानको हकदार भएकाले निम्नवर्गहरू शोषणमा पर्ने आधार तयार भएको कुरा थाहा हुन्छ (भट्टराई, २०७७, पृ. ९५) कथामा रहेको नेपाली समाजको संरचना सामन्तवादी छ र यसमा पुँजीवादको पनि केही हदसम्म प्रभाव परेको देखिन्छ । कथाको पीताम्बरको आर्थिक हैसियत सशक्त रहेको छ । गाउँमा मानिसहरू नाममात्रको घरमा जीविका गरिरहेका बेलामा उसको घर, नोकरचाकर तथा खेतबारीले उसको जमिनदारी हैसियत स्पष्ट हुन्छ । यहाँ पीताम्बरले आफ्नो जमिनदारी भूमिपतिको शानमान र प्रभुत्वको संरक्षण गर्दै सेतेजस्ता निम्नवर्गका गरिब र दलितलाई हदैसम्मको शोषण गरेको छ ।

यहाँको उच्चवर्ग आफ्नो वर्गीय पक्षधरताको रक्षा गर्न र विरोधीहरूलाई तह लगाउन उद्दत देखिन्छ । दसौँ वर्षदेखि दिएको नाम मात्रको पारिश्रमिकमा पुनरावलोकन गर्ने कुरा सुन्नसमेत ऊ तयार छैन । बाबुका पालादेखिको मालिकका घरमा काम गर्ने र जसोतसो जीवन जिउने प्रचलनलाई मानेर आएको सेतेको आर्थिक हैसियत झनै गिरेको छ । उता पीताम्बरले भने पितापुर्खाका पालादेखिको नोकरचाकर र हली राखेर खेतबारीमा बाली उत्पादन गर्ने तर तिनीहरूलाई उनीहरूकै थान्कोमा राखेर शोषण गरिरहने कार्यमा निरन्तर अडिग रहेको छ । गरिब, कृषिश्रमिक र नोकरचाकरलाई शोषण गरेर आफ्नो स्वार्थ सिद्ध गर्न खोजेको पीताम्बरको नियत तलको उदाहरणमा स्पष्ट देखिन्छ :

> 'म ज्याला बढाउँदिनँ । काम गर्न मन लागे गर् नलागे नगर् ।' पीताम्बर बाजेमा क्रोध पलाइसकेको थियो यतिन्जेलसम्म । रिसले मुर्मरिँदा उनको गालामा

बुढ्यौँलीकालीन नसाहरू अस्वाभाविक रूपमा उठेका थिए । (पृ. २६१)

माथिको उदाहरणमा सेतेले ज्याला बढाइदिनलाई गरेको अनुरोधलाई पीताम्बरले ठाडै इन्कार गरेको र मामुली नोकरले ज्याला बढाउनलाई पटकपटक अनुरोध गरेको हुनाले पीताम्बर आक्रोशित बनेको देख्न सकिन्छ । यहाँ धन र वैभवले युक्त उच्चवर्ग र रोग, भोक, अशिक्षा र अत्यन्त नाङ्गो अवस्थामा रहेको गरिबीयुक्त निम्नवर्गले बनेको समाजको चित्रण रहेको छ । यहाँका विपन्न मानिसहरूको न घर न कुनै जमिन छ र अर्काको काम गरेको ज्याला पनि भनेजस्तो छैन र ज्याला बढाएर ज्यान बचाइदिनुपर्‍यो भन्ने मजदुरको अनुरोधमा पनि उच्चवर्गले नमानेको अवस्था छ । यसबाट हलीका रूपमा रहेका गरिब-मजदुरको कुनै पनि ज्याला बढाउनमा पीताम्बर तयार नभएको र पुरानै नाममात्रको ज्याला दिएर सित्तैमा आफ्नो खेतीबारीको काम लगाएर पीताम्बरले एकातिर अन्न थन्क्याइरहेको र अर्कोतिर आफ्नो जमिनदारी टिकाइराख्न चाहेको कुरा स्पष्ट हुन्छ । यसबाट कथामा चित्रित समाजमा उच्चवर्गीय शोषणको चरम रूप देखापर्छ ।

## ४.३ निम्नवर्गीय चेतना र वर्गसङ्घर्ष

वर्गीय समाजमा शक्तिले थिचिएको र शक्तिहीन बनाइएको वर्गलाई नै निम्नवर्ग भनिन्छ । यस्तो वर्गसँग उत्पादनका साधनमाथिको अधिकार हुँदैन र उच्चवर्गको नियन्त्रणमा उत्पादन कार्यमा मात्र सरिक भइरहेको हुन्छ । यस्तो वर्ग पनि शोषण र उत्पीडनको चपेटामा परेपछि उसमा वर्गको बोध हुन्छ र आफूमाथि भएको शोषण र दमनको ज्ञात हुन्छ । यही अवस्थालाई वर्गीय चेतनाको बीज मानिन्छ । यसरी विकसित भएको वर्गचेतना सर्वहारा वर्गको सोच, शोषणको बोध र त्यस अनुरूपको विद्रोह गर्ने चेतना पनि हो । भट्टराई (२०७७) ले यसलाई सर्वहारा वर्गको सदस्य हुनको आत्मबोध, आत्ममूल्याङ्कन र न्यायको लागि अघि बढ्ने सामूहिक चेतना (पृ. ९४) भनेका छन् । वर्गचेतना पुँजीवादी वर्गको शोषणलाई प्रतिरोध तथा प्रतिकार गर्ने तथा समाज रूपान्तरणमा भूमिका खेल्ने क्रान्तिमूलक चेतना पनि हो । साहित्य-कलामा जीवनको प्रतिबिम्बनको स्वरूपलाई वर्गीय स्वार्थको चेतना र वर्गसङ्घर्षका आधारमा हेर्ने कार्यको थालनी मार्क्सवादी सौन्दर्य चिन्तनबाट भएको हो (जिस, २०७२, पृ. २७४) । त्यसैले वर्गचेतनाको अन्तिम लक्ष्य भनेको वर्गसङ्घर्ष र क्रान्तिकारी रूपान्तरणमार्फत न्यायमूलक समाजको स्थापना गर्नु हो ।

'भोग' कथामा दसौँ वर्षदेखि नाममात्रको पारिश्रमिक लिएर सेते सार्कीले पीताम्बरको खेतबारी जोतेको छ र अहिले आएर केही न केही ज्याला बढाइदिन अनुरोध गर्दा पनि पीताम्बरले इन्कार गरेपछि सेतेमा आफ्नो श्रमको मूल्यबोध भएको छ र आफू शोषणमा परेको ज्ञात भएको छ । समाजविकासको पुँजीवादी चरणमा पुँजीपति वर्गले आफू काम नगरीकन उत्पादनका साधनको मालिकका रूपमा स्थापित गर्छन् र श्रमिकको श्रम किनेर धनी बन्छन् (भण्डारी, २०७८, पृ. ३२७) तर यहाँ त नाममात्रको ज्याला दिएर पीताम्बरले गाउँमा उत्पादनका साधनमाथि एकाधिकार जमाइरहेको छ । त्यसैले समाजमा रहेको लामो समयदेखिको शोषणका कारण निम्नवर्गमा शोषणको बोध भएको छ । आफ्नो श्रम र यसको महत्त्वको सुझमार्फत आत्ममूल्याङ्कन भएको छ र त्यसका आधारमा व्यवस्थित वर्गीय चेतनाको विकास भएको छ । तलको उदाहरणले यही कुरा सङ्केत गर्छ :

> 'बढी र घटीको कुरा होइन, बाजे ! तपाइँ आफैँले पनि बुझ्नुपर्ने कुरा हो यो । संसार कहाँबाट कहाँ पुगिसक्यो तर तपाइँ भने अझै पनि हाम्लाई त्यही जाबो तिस रुप्पेमा काम लगाइरहनुभएको छ । हाम्रो श्रमको कदर गर्नोस् बाजे ।' घेरा उप्किसकेको टोपीले निधारबाट बगिरहेको पसिना पुछ्दै सेतेले भन्यो र द्रुत गतिमा निला आकाशतिर हेर्‍यो । (पृ. २६०-२६१)

माथिको उदाहरणमा कथामा रहेको निम्नवर्गको पात्र सेतेले आफूमाथिको शोषणको बोध गरेपछिको अवस्था देखिन्छ। चेतनाको दृष्टिले आफ्नो श्रम र यसको मूल्यसम्बन्धी चेतनाको विकास सेतेमा भइसकेको छ र ऊ पीताम्बरलाई संसारमा परिवर्तन भइसकेको र समयसँग चल्नुपर्ने कुरा सम्झाउँछ। यहाँ सेतेमा आएको वर्गचेतना र सचेत वर्गले गर्न सक्ने वर्गसङ्घर्षको प्रारम्भिक सङकेत प्रस्तुत भएको छ । समाजमा पीताम्बरले गरेको श्रमशोषण निर्बाध रूपमा रहेकोमा सेतेले यस विषयमा पहिलोपटक प्रश्न उठाएको र शोषणका विरुद्ध निम्नवर्गले गरेको विरोधको प्रारम्भ माथिको उदाहरणमा देखिन्छ ।

सेतेले राखेको मागले पीताम्बर छक्क परेको छ । कहिल्यै यसरी कुरा नगर्ने सेतेले कसरी यस्ता कुरा उठायो भन्ने आश्चर्य मानेको छ तर ज्याला बढाउने विषयमा टसको मस भएको छैन । बरु काम गर्न मन लागे गर्नू र नलागे नगर्नू भनेर आफ्नो जिम्दारी रवाफ देखाएको छ । सेतेलाई कसले सिकाएर पठाएको हो वा कसको भाषा बोलेको हो भनेर कड्केको पीताम्बरका अगाडि यहाँ सेते नडगेर पीताम्बरजस्ता साहूमहाजन र सामन्तको प्रतिवादमा लागेको छ । यसले पीताम्बरको कड्काइलाई हाँक दिएर अब शोषकहरूका दिनगन्ती सुरु गर्ने बेला भएको सङ्केत गरेको छ । तलका उदाहरणले यही तथ्य स्पष्ट पार्छ :

> 'म आफ्नै भाषा बोल्दै छु, बाजे । मात्र आफ्नै भाषा । मजस्तै दबिएर बसेका हजारौँ मान्छेहरूको भाषा ।' आवेशमा आउँदै सेतेले भन्यो - 'अब तपाइँले आफ्नो दिनगन्ती सुरु गर्नुभए हुन्छ बाजे !
>
> सेते ओरालो झऱ्यो आफ्नै सुरले । पीताम्बर बाजे निर्निमेष टोलाइरहे आँगनको छेउमा उभिएर । (पृ. २६१)

माथिको उदाहरणमा पीताम्बरले हद गरेपछि र श्रमको कदर गरेर ज्याला बढाइदिन नमानेपछि सेतेले उसलाई चुनौती दिएको छ । यहाँ पुग्दा निम्नवर्गको सङ्घर्षको रूप स्थूल बन्न थालेको देखिन्छ । सेतेले अब पीताम्बरको अधीनमा रहेर उसैको खेतमा हली नहुने विचार गरेको छ र ऊ अब अन्यायको विरुद्धमा लड्ने शक्ति निर्माण र सङ्गठनका लागि गाउँ छोडेर हिँडेको छ । यहाँ निम्नवर्गले समाजमा आफ्नो अधिकार स्थापित गर्न गाउँ छोडेर जानु र क्रान्तिमा लागेर आफ्ना अधिकारका लागि विद्रोह गर्नुलाई वर्गसङ्घर्षको स्थूल रूप मान्नुपर्छ । सेतेले अति भएपछि गाउँ छोडेर अन्यायका विरोधमा सङ्घर्षको उद्घोष गरेको छ र उसले समाजमा परम्परादेखिको अन्याय र शोषणको साङ्लो चुँडाल्ने कार्यको थालनी गरेको छ ।

सेतले गाउँ छोडेर गएपछि ऊ गाउँका शोषक सामन्त र जमिनदारका विरुद्ध आफूजस्ता श्रमिकको न्यायका लागि सङ्गठित हुन्छ र उसले अब समाजमा परिवर्तनको लागि क्रान्तिको तयारीमा जुट्छ । यसरी समाजमा शोषण गर्ने शोषकको दोहन अब नसहने गरी निम्नवर्ग एकत्रित भएको र उत्पादनका साधनको हालीमुहाली लिएर बसेका तिनै वर्गका विरुद्धमा लड्नका लागि तयार भएको देखिन्छ । तलको उदाहरणले यही कुरालाई स्पष्ट गर्छ :

> 'यो घरको धुरीमा राखिएको काठ, ढुङ्गाको छानोचाहिँ मैले बोक्न हुने, अनि धुरीमा चाहिँ चढ्न नहुने ? त्यो पुजाकोठामा राखिएको घन्टीचाहिँ हामीजस्ताले बनाउन हुने, तर पूजाकोठामा चाहिँ पस्न नहुने ?' सेते घरको धुरीधुरी कुद्न थाल्यो र कुद्दाकुद्दै उसले एउटा रातो झन्डा पनि गाड्यो धुरीको मोटामोटी मध्य भागमा । (पृ. २६३)

माथिको उदाहरणबाट सेतेको समाजपरिवर्तन र यसका लागि गरेको विद्रोहको स्वर स्पष्ट हुन्छ । उसको क्रान्ति वा विद्रोहलाई अरु मानिसले पनि समर्थन गरेको कुरा ऊ एक्लै नभएर क्रान्तिमा सामेल भएका अरु युवा समूहबाट स्पष्ट हुन्छ । यहाँ निम्न वा सर्वहारा वर्ग एक जुट भएर गर्न लागेको विद्रोहको व्यवस्थित रूप देखिन्छ । वर्गसङ्घर्षको चित्रणका सन्दर्भमा कृतिमा निम्नवर्गको चेतना र भावी प्रगति वा जितको पक्षपोषण भएको

हुन्छ । यस कथामा रहेको निम्नवर्गमा चेतनाको तह स्थूल रहेको छ । समाजमा अहिलेसम्म रहेको हदैसम्मको शोषण र अत्याचारको विरोध गर्दै निम्नवर्गले सामन्ती पीताम्बर जस्ताले गरेको चरम शोषण र अन्यायको पूरै हिसाबकिताब गरेको छ ।

'भोग' कथामा कथाकारले निम्नवर्गीय श्रमिकमाथि सामन्तवादी संरचनाले गरेको शोषणको अवस्था बोध गराएर यस्तो शोषणविरुद्ध खरो भएर उत्रने गरी निम्नवर्गीय सर्वहारा वर्गलाई सशक्त बनाएका छन् । मार्क्सवादले सबै प्रकारका संस्कृतिजस्तै कला र साहित्य पनि श्रमका आधारमा उत्पत्ति भएको कुरालाई स्वीकार गर्छ । कला साहित्य श्रमको नतिजाको रूपमा मात्र नभएर यसले श्रमको खास रूपको प्रतिनिधित्व पनि गर्दछ (जिस, २०७२, पृ. ३५) । कथाकारले निम्नवर्गको चेतनालाई सङ्गठित गरेर वर्गसङ्घर्षलाई सुदृढ रूपमा देखाएका छन् ।

लेनिनले साहित्यलाई सर्वहारावर्गको सशक्त हतियार मानेका छन् । "उनले समाजवादी कलालाई श्रमजीवी जनताबाट अलग गर्न सकिँदैन भन्ने कुरा पनि औंल्याएका छन्" (जिस, २०७२, पृ. २७६-७७) । यहाँ सेतेजस्ता सचेत पात्रका माध्यमबाट कथाकारले कथालाई वर्गीय धरातलमा ल्याएका छन् र सर्वहारा वर्गमाथिको अत्याचार र त्यसका विरुद्धमा भएको सङ्घर्षको पक्षपोषण गरेका छन् । गाउँमा निम्नवर्ग आफ्नो वर्गको पहिचानलाई स्थापित गर्नका लागि परेको देखिन्छ । यस हिसाबले यहाँका निम्नवर्गीय पात्रमा चेतनाको स्तर सशक्त छ र अब पुरातनवादी सामन्ती परम्पराको धुरीमा परिवर्तनको नयाँ र क्रान्तिकारी झन्डा फहराइरहेको छ । यसरी हेर्दा कथामा निम्नवर्गका गरिब, कृषि मजदुरप्रतिको लेखकीय दृष्टिचेत सकारात्मक रहेको र सशक्त पक्षधरता रहेको स्पष्ट हुन्छ ।

कथामा रहेको क्रान्तिकारी पात्र सेतेले पहिलो चरणमा पीताम्बरको अन्याय, अत्याचार तथा शोषणलाई सहेर बसेको छ तर समयसँगै उसमा वर्गबोध र वर्गहितको चेतना बढेपछि उसले ज्याला बढाइमागेको र पीताम्बरले यस कुरालाई अस्वीकार गर्दा युद्धमा लागेर समाजमा रहेको वर्गशोषण विरोध र सामन्ती प्रथाको धज्जी उडाउँदै क्रान्ति गरेको छ । यस आधारमा हेर्दा यस कथामा निम्नवर्गीय पात्रमा रहेको वर्गीय चेतना सुदृढ रहेको छ र यो वर्गीय चेतना वर्गीय हितका लागि वा निम्नवर्गीय हितको सुरक्षाका लागि तथा समाजमा अन्याय र शोषणको जरो फालेर समतामूलक समाजको निर्माणका लागि पनि यथेष्ट देखिन्छ ।

## ५. निष्कर्ष

'भोग' कथामा रहेको वर्गीय दृष्टिले विभाजित समाजमा उच्च र निम्न दुवै वर्गले आआफ्नो वर्गीय पक्षको बचाउ र अधिकारको संरक्षणमा लागिपरेका छन् । यसका उच्चवर्गले आफ्नो सामन्ती वैभव र आर्थिक शक्तिका कारण निम्नवर्गमाथि चरम शोषण गरेको छ र निम्नवर्गले आफूमाथि भएको शोषणका विरुद्ध सशक्त सङ्घर्ष गरेको छ । कथामा पीताम्बर जस्ता उच्चवर्गीय मानिसको चेतना आफ्नो वर्गीय स्वार्थ सिद्ध गर्ने र आफ्नो जमिनदारी प्रथाको ठाँटबाँट जोगाउने कार्यमा एकदमै सचेत रहेको छ र यसका लागि निम्न वर्गका गरिब र दलितहरूको शोषणमा सम्मिलित भएको छ । समाजमा निम्नवर्ग हदैसम्मको बेवास्ता, तिरस्कार र नियन्त्रणमा रहेको छ । यस्तो नियन्त्रण र शोषणका कारण पीडित बनेको यस वर्गमा बिस्तारै आफ्नो वर्गीय हित र अस्तित्व रक्षाको चेतना सबल बन्दै गएको छ । यस्तो चेतनाले सङ्गठित रूप धारण गरेपछि सेतेजस्ता परिवर्तनकारी र अन्यायका विरोधी चरित्रले समाजमा क्रान्तिको बिगुल फुकेर उच्चवर्गीय घमन्ड चकनाचुर मात्र पारेका छैनन्, उनीहरूले उच्चवर्गले समाजमा बसालेको परम्पराको विभेदकारी चङ्गुल पनि फुकालेर शोषण र दमनका विरुद्ध हाँक दिएका छन् । यसरी कथामा निम्नवर्गीय पात्रमा रहेको वर्गीय चेतना स्थूल बनेको छ र यो वर्गीय चेतना विशेष गरी निम्नवर्गीय हितमा लागि रहेको छ । यस्तो वर्गीय चेतनाको निर्माणमा लेखकीय दृष्टिकोण पनि स्पष्ट र निम्नवर्गीय पक्षधर रहेको देखिन्छ । त्यसैले वर्गीय

चेतनाका आधारमा हेर्दा यस कथामा निम्नवर्गीय चेतना सबल र सुदृढ देखापर्छ ।

## सन्दर्भ सामग्रीसूची


अल्थ्युसर, लुइस (२०७२), "विचारधारा र राज्यका विचारधाराका अङ्गहरू" हेमलाल पाण्डे (अनु.), कृष्णचन्द्र शर्मा (सम्पा.), *मार्क्सवादी साहित्यसिद्धान्तका प्रतिनिधि विचारहरू,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

केसी, हस्तबहादुर (२०७५), "मार्क्सवाद र संशोधनवाद", *लेफ्ट रिभ्यु अनलाइन* (भदौ २५ गते सोमबार)

गिरी, अमर (२०६९), "मार्क्सवादी साहित्य सिद्धान्त", लिखत पाण्डे (सम्पा.), *भृकुटी,* भाग - १५, पृ. १३-४९ ।

चापागाईं, निनु (२०७१), "प्रगतिवादी साहित्य र यसका विशेषता", राजेन्द्र सुवेदी (सम्पा.), *जुगल सैद्धान्तिक नेपाली समालोचना,* काठमाडौँ : जुगल पब्लिकेसन प्रा.लि, पृ. १४८-१६४ ।

जिस, अभ्नेर (२०७२), *मार्क्सवादी सौन्दर्य शास्त्रका आधारहरू,* हरिहर खनाल (अनु.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

दास, गिरीधारी लाल (सन् २००८), *वर्गचेतनाका आद्यन्त* : लेखक स्वयम् ।

दुरा, यमबहादुर (२०७८), "लोकगीतमा वर्गचेतना", *हिमाल साप्ताहिक* (मङ्सिर अङ्क) ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सवाल्टर्न अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भण्डारी, जगदीश (२०६८), "प्रगतिवादको सैद्धान्तिक पृष्ठभूमि", राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड),* काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. २७५-२९३ ।

भण्डारी, जगदीश (२०७८), "इतिहास चेतना र मार्क्सवादी समालोचना", गोपीन्द्र पौडेल र विष्णु ज्ञवाली (सम्पा.), *मार्क्सवादी सौन्दर्यचिन्तन,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ३२५-३३५ ।

माओ, त्से तुङ ( २०४१), *चुनिएका रचनाहरू, भाग - ३,* कीर्तिपुर : प्रगति पुस्तक भण्डार ।

वस्ती, विवश (२०७४), "भोग", विन्दु शर्मा (सम्पा.), *समसामयिक प्रगतिवादी नेपाली कथा,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. २५९ -२६३ ।